अंक ९, २०७० जेष्ठ (मे/जुन २०१३)

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी देशको आर्थिक विकासमा सहभागी बनौं ।

## लगानीकर्ता प्रशिक्षण कार्यक्रम



चितवनमा भएको कार्यक्रममा उपस्थित लगानीकर्ता

धितोपत्र बजारमा नयाँ नयाँ लगानीकर्ताहरूलाई भित्र्याउन बोर्डले धितोपत्रका सरोकारवाला अन्य पक्षहरूसँग सहकार्य गर्दै विगत वर्षहरूदेखि नै पुँजीबजारका आधारभूत पक्षहरूका बारेमा जानकारी गराउने उद्देश्यसहित विभिन्न चरणमा देशव्यापी रूपमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । कार्यक्रमहरूमा सर्वसाधारण लगानीकर्ता, व्यापारी तथा व्यवसायी, बैंकर्स, सूचीकृत कम्पनी, आर्थिक पत्रकार, कानुन व्यवसायी, विभिन्न विश्वविद्यालय तथा कलेजहरूका विद्यार्थी एवं प्राध्यापकहरू आदिको उल्लेखनीय सहभागिता रहने गरेको छ । उक्त कार्यक्रमहरू नेपाल राष्ट्र बैंक, स्थानीय उद्योग वाणिज्य संघ, स्टक ब्रोकर एसोसियसन तथा अन्य संस्थाहरूसँगको समन्वयमा बिराटनगरका तीन स्थान, इटहरी, भद्रपुर, धरान, बुटवल, पोखरा, बाग्लुङ्ग र पर्वतमा प्रशिक्षण सम्पन्न गरियो । बोर्डले यस आ.व. २०६९/७० मा पनि लगानीकर्ता प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिएको छ । सो क्रममा काठमाडौंको क्षेत्रपाटी स्थित पब्लिक युथ क्याम्पसमा २०६९ माघ ८ गतेदेखि माघ १५ गतेसम्म त्यहाँका करिब ५४० विद्यार्थीहरूलाई पुँजी बजार सम्बन्धी प्रशिक्षण कार्यक्रम दिइयो । साथै जनचेतनामूलक कार्यक्रमहरू उपत्यका बाहिर पनि सञ्चालन गर्न विभिन्न क्षेत्रबाट माग भए बमोजिम देहाय बमोजिमका स्थानहरूमा लगानी शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

**चितवन :** नेपाल धितोपत्र बोर्ड तथा चितवन उद्योग वाणिज्य संघको संयुक्त आयोजनमा २०६९ माघ २८ गतेका दिन चितवनको भरतपुरमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा करिब ११० जना सर्वसाधारण लगानीकर्ताको उपस्थिति रहेको थियो । चितवन उद्योग वाणिज्य संघका अध्यक्ष डा. तिलक चन्द्र भट्टराईले अघिल्लो बर्ष देखिको प्रयास बाबजुद ढिलै भएपनि आफ्नो जिल्लामा कार्यक्रम गर्न पाएकोमा खुसी व्यक्त गर्दै बोर्ड र बोर्डका पदाधिकारीहरूलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । काठमाडौं केन्द्रित नेपालको धितोपत्र बजारलाई विकेन्द्रीत गर्न तथा लगानीकर्ता बीचमा व्यापक रूपमा जनचेतना जगाउन जरुरी रहेको कुरालाई विशेष रूपमा औंल्याउँदै पुँजीबजारको विकासको लागि लगानी मैत्री वातावरणको सृजना गर्नका लागि आग्रह गर्नु भएको थियो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने क्रममा बोर्डका निर्देशक श्री निरज गिरीले बोर्ड पुँजी बजारको नियमनकारी निकाय भएको तथा पुँजीबजारको विकासका लागि बोर्ड निजी क्षेत्रसँग सहकार्य गर्न सदा तयार रहेको कुरा अवगत गराउनु भएको थियो । कार्यक्रममा पहिलो कार्यपत्रका रूपमा धितोपत्र बजारको आधारभूत पक्षका बारेमा बोर्डका अधिकृत श्री निरन्जय घिमिरेले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी दोस्रो प्रस्तुतिको रूपमा नेपाल स्टक एक्सचेन्ज र यसका कार्यहरूको सम्बन्धमा नेपाल स्टक एक्सचेञ्जका प्रतिनिधि श्री निरञ्जन फूँयालले आफ्नो कार्यपत्र पेश गर्नुभएको थियो भने श्री प्रविण रमण पराजुलीले तेस्रो प्रस्तुतिका रूपमा सामुहिक लगानी योजनाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसैगरी स्टक ब्रोकर एशोसिएसनका तर्फबाट श्री नरेन्द्र राज सिजापति र दिपेश भट्टले धितोपत्र दलालका कार्य तथा भूमिकाका बारेमा प्रष्ट पार्नु भएको थियो ।

**हेटौंडा :** पुँजीबजार सम्बन्धी जनचेतना अभिवृद्धि गराउने अभियानको रूपमा अर्को कार्यक्रम मकवानपुरको हेटौंडामा गरिएको थियो । उक्त कार्यक्रममा १३० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल धितोपत्र बोर्डका प्रतिनीधि श्री निरञ्जय घिमिरे, नेपाल स्टक एक्सचेञ्जका तर्फबाट निरञ्जन फूँयाल, स्टक ब्रोकर एशोसियसनका तर्फबाट श्री नरेन्द्र राज सिजापति र श्री नवराज सुवेदीले आ–आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**सिन्धुपाल्चोक :** देशव्यापी रूपमा लगानीकर्तालाई पुँजीबजारका सम्बन्धमा जानकारी गराउने क्रममा २०६९ फागुन ११ गते सिन्धुपाल्चोक जिल्लाको बाह्रबीसेमा बोर्ड तथा स्थानीय उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न गरिएको थियो । करीब ११० जनाको उपस्थिति रहेको उक्त कार्यक्रमको सभापतित्व उद्योग वाणिज्य संघ–बाह्रवीसेका अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठले गर्नु भएको थियो । प्रमुख अतिथिको रूपमा बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठ उपस्थित उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ–बाह्रविसेका द्वितीय उपाध्यक्ष श्री वृद्धराज वस्नेतले स्वागत मन्तव्य राख्दै पर्याप्त व्यापारी र व्यवसायी रहेको त्यस क्षेत्रमा जलविद्युतको प्रचुर संभावना रहेको उल्लेख गर्नुभयो । साथै यस कार्यक्रमबाट सक्दो सिकेर आफ्नो पुँजी पुँजीबजारमा परिचालन गरी अधिक प्रतिफल लिन यस क्षेत्रका सर्वसाधारणलाई आग्रह गर्नुभएको थियो ।

बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठले पुँजी बजार सम्बन्धी जनचेतना अभिवृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकाश पार्दै निजी क्षेत्रसँग सहकार्य गरी हालको अवस्थामा रहेको पुँजीबजारलाई थप विकास गर्न तत्पर रहेको कुरा बताउनुभयो । काठमाडौं केन्द्रीत पुँजीबजारलाई देश व्यापी बनाई साना साना बचतकर्ताहरूलाई धितोपत्र बजारमा प्रवेश गराउने र देश भरी छरिएर रहेको बचतलाई समेटेर विभिन्न



सिन्धुपाल्चोकको कार्यक्रममा मन्तव्य राख्दै बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठ

क्षेत्रहरूमा लगानी गर्ने वातावरण निर्माण गर्नको लागि बोर्डले यो कार्यक्रमलाई व्यापक बनाएको उल्लेख गर्नुभयो । पुँजी बजारको विकास विना कुनै पनि देशको अर्थतन्त्र बलियो नहुने उल्लेख गर्दै आफूसँग भएको बचत पुँजी बजार मार्फत उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने र यसबाट आफ्नो आर्थिक स्तरमा वृद्धि भै राष्ट्रको अर्थतन्त्र मजवुत हुनगई अन्तत देशको आर्थिक विकास हुने कुरा प्रष्ट पार्नुभयो । प्रथम प्रस्तुतिको रूपमा नेपाल धितोपत्र बोर्डका अधिकृत श्री अनुज कुमार रिमालले धितोपत्र बजारको आधारभूत पक्षका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दोस्रो प्रस्तुतिको रूपमा नेपाल स्टक एक्सचेञ्जका श्री कृष्णराज पोखरेलले र तेस्रो प्रस्तुतिको रूपमा श्री दीपक ओलीले नेपालको धितोपत्र बजारमा ब्रोकरको भूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**दोलखा :** त्यसैगरी दोलखा उद्योग वाणिज्य संघ तथा बोर्डको संयुक्त आयेजनामा दोलखाको चरिकोटमा पनि लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमका प्रमुख अतिथि तथा बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठले पुँजीबजार सम्बन्धी जनचेतना अभिवृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकास पार्नुभएको उक्त कार्यक्रममा स्थानीय उद्योगी, व्यवसायी, व्यापारी, कर्मचारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, पत्रकार तथा सर्वसाधारण लगानीकर्ताहरू गरी कुल १०९ जनाको उपस्थिति रहेको थियो । सो कार्यक्रममा नेपाल धितोपत्र बोर्डका तर्फबाट श्री अनुज कुमार रिमाल, नेपाल स्टक एक्सचेञ्जका श्री कृष्ण राज पोखरेल तथा स्टक ब्रोकर एशोसियसनका तर्फबाट श्री दीपक ओलीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै कार्यक्रममा उठान भएका जिज्ञासा, विषय र समग्र पुँजीबजारको बारेमा नेपाल धितोपत्र बोर्डको अध्यक्ष बाबुराम श्रेष्ठज्युले थप प्रष्ट पार्नु भयो ।

**मन्थली :** बोर्ड तथा उद्योग वाणिज्य संघ–मन्थलीको संयुक्त आयोजनमा मिति २०६९ फागुन १८ गते मन्थलीमा करीब १३३ सर्वसाधारणको उपस्थितिमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । स्थानीय उद्योग वाणिज्य संघ–मन्थलीका अध्यक्ष, श्री पशुपति खड्काले सभापतित्व गर्नु भएको उक्त कार्यक्रममा विशेष अतिथिमा आमन्त्रित प्रमुख जिल्ला अधिकारी श्री डल्लुराज बस्नेतले शेयर बजार ज्यादै प्राविधिक हुने र सर्वसाधारणले यसलाई बुझ्न गाह्रो हुने भएकोले यो कार्यक्रमको महत्व रहेको बताउनु भएको थियो । वास्तवमा पुँजी बजारको विकास विना मुलुकको व्यापारिक क्रियाकलाप अघि नबढ्ने उहाँको धारण रहेको थियो । कार्यक्रममा श्रोत व्यक्तिको रूपमा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज तथा स्टक ब्रोकर एशोसियसनका तर्फबाट धितोपत्र बजारका विविद्य पक्ष समेटिएका कार्यपत्रहरू पेश गरिएको थियो ।


लम्जुङ्गमा लगानीकर्तालाई प्रशिक्षण दिँदाको एक झलक

**लम्जुङ्ग :** लम्जुङ्ग उद्योग वाणिज्य संघ तथा बोर्डको संयुक्त आयोजनामा २०६९ चैत्र ९ गते लम्जुङ्गको बेसीशहरमा पुँजीबजार सम्बन्धी जनचेतना अभिवृद्धि तथा लगानीकर्ता प्रशिक्षण सम्बन्धी कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा स्थानीय उद्योगी, व्यवसायी, व्यापारी, कर्मचारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, पत्रकार तथा सर्वसाधारण लगानीकर्ताहरू गरी कुल १३५ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा प्रथम प्रस्तुतिको रूपमा बोर्डका अधिकृत श्री अम्बिका प्रसाद गिरिले धितोपत्र बजारका आधारभूत पक्षका बारेमा जानकारी दिनुभएको थियो भने दोस्रो प्रस्तुतिको रूपमा नेपाल स्टक एक्सचेञ्जका तर्फबाट धितोपत्र बजारको विविध पक्ष र तेस्रो प्रस्तुतिको रूपमा स्टक ब्रोकर्सका तर्फबाट शेयर किनबेच प्रक्रियाका बारेमा कार्यपत्र पेश गरिएको थियो ।

त्यसैगरी नेपाल धितोपत्र बोर्डको अगुवाईमा विभिन्न संघ संस्थासँग सयुक्त रूपमा **तनहुँ, धादिङ्ग, पाँचथर, ताप्लेजुङ्ग, इलाम तथा उदयपुरको गाईघाटमा** पनि लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमहरूमा सर्वसाधारणको तर्फबाट व्यापक रूपमा चासो राखेको पाइएको थियो । उक्त कार्यक्रमहरूमा करिब २,००० सर्वसाधारणलाई पुँजीबजारका विविध पक्षका बारेमा प्रशिक्षित गरियो ।

सञ्चालित प्रशिक्षण कार्यक्रमहरूमा लगानी-कर्ताहरूका तर्फबाट नेपाल धितोपत्र बोर्डका कार्यहरू, लाभांस, बोनश शेयर, साधारण सभा, धितोपत्र दलालको कार्य, कारोबार प्रक्रिया, म्युचुअल फण्ड लगायतका सम्बन्धमा जिज्ञाशा राखिएको थियो । स्थानीय स्तरमा धितोपत्र दलाल नहुँदा आफूसँग भएको सेयर बिक्री गर्दा आईपर्ने समस्याहरूको बारेमा पनि चासो राखेको पाइयो भने कार्यपत्रसँग सम्बन्धित सर्वसाधरणबाट उठेका विभिन्न प्रश्नहरूको उत्तर सम्बन्धित कार्यपत्र प्रस्तुतकर्ताहरूले दिनु भएको थियो ।

साथै प्रशिक्षण कार्यक्रमहरूमा लगानीकर्ताको सहभागिता र जिज्ञाशालाई नियाल्दा यस्ता कार्यक्रमहरू व्यापक रूपमा जिल्ला जिल्लामा गर्नुपर्ने महशुस गरिएको छ । आगामी दिनमा पनि अन्य जिल्लामा पनि यसप्रकारको प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने बोर्डको कार्ययोजना रहेको छ । ■

# क्रेडिट रेटिङ सेवा संचालन

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम बोर्डले मिति २०६९।०६।१७ मा नेपालको पहिलो क्रेडिट रेटिङ्ग संस्थाको रूपमा इक्रा नेपाल लि. लाई क्रेडिट रेटिङ्ग व्यवसाय संचालन गर्न अनुमतिपत्र प्रदान गरेको छ। भारतीय क्रेडिट रेटिङ्ग एजेन्सी इक्रा लिमिटेडको संयुक्त लगानीमा स्थापित उक्त कम्पनीमा हाल २ करोड रुपैंया लगानी भएको छ, जसमा ईक्रा इन्डियाको ५१ प्रतिशत, कर्जा सुचना केन्द्रको ५ प्रतिशत, बैंक वित्तीय संस्था तथा कर्पोरेट क्षेत्रको २४ प्रतिशत र अन्यसर्वसाधारण व्यक्तिहरूको समेत लगानी रहेको छ। अब धितोपत्र बजारमा ३ करोड रुपैंयाभन्दा बढि मुल्यको साधारण शेयर तथा हकप्रद शेयर निष्काशन गर्न चाहने संगठित संस्थाले शेयर निष्काशन गर्नु अघि अनिवार्य रूपमा आफूले निष्काशन गर्ने शेयरको रेटिङ्ग गर्नुपर्ने भएको छ। यसैगरी कुनै संगठित संस्थाले डिवेन्चर निष्काशन, अग्राधिकार शेयर निष्काशन, प्रिमियममा शेयर निष्काशन तथा फर्दर पब्लिक इस्यु गर्ने भएमा पनि क्रेडिट रेटिङ्ग संस्थामार्फत रेटिङ्ग गराएर मात्र निष्काशन अनुमति पाउनेछ। धितोपत्र निष्काशनकर्ता कम्पनीले रेटिङ्ग गराएपछि प्राप्त हुने परिणाम धितोपत्र निष्काशन गर्नुपूर्व प्रकाशन गरिने विवरणपत्र वा बिक्री प्रस्ताव वा अन्य सार्वजनिक रूपमा प्रकाशित हुने विवरणमा लगानीकर्ताहरूको जानकारीका लागि समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाले गर्दा लगानीकर्ताहरूलाई कुनै पनि धितोपत्र निष्काशनकर्ता कम्पनी कुन स्तरमा पर्दछन भन्ने बारेमा जानकारी भई त्यस्तो कम्पनीको धितोपत्रमा लगानी गर्ने वा नगर्ने भन्ने सम्वन्धमा सुसूचितपूर्ण निर्णय लिन सघाउ पुग्नेछ। साथै यसबाट कम्पनीहरू पनि आफ्नो स्तर सुधार गर्न र प्रतिस्पर्धी हुनमा बढी ध्यान केन्द्रीत गर्नेछन।

क्रेडिट रेटिङ्ग संस्थाले धितोपत्र निष्काशनकर्ता कम्पनीको समग्र वित्तीय स्थिति, कार्य सम्पादन तथा सुशासनको अवस्था आदिलाई आधार मानी मूल्याकंन गर्ने र उक्त मूल्याकंनलाई विभिन्न सांकेतिक भाषामा सरल रूपले बुझ्न सकिने गरी प्रस्तुत गर्ने हुँदा सर्वसाधारण लगानीकर्ताहरूलाई लगानी गर्नु पूर्व सम्बन्धित कम्पनीहरूको स्थिति बारे बुझ्न र लगानीको जोखिमलाई न्यूनीकरण गर्न समेत सहयोग पुग्ने देखिन्छ। साथै क्रेडिट रेटिङ्ग संस्थाले केन्द्रीय बैंकको अनुमतिमा वित्तीय संस्थाबाट ऋण लिन चाहने व्यक्ति वा कम्पनीको क्रेडिट रेटिङ्ग गर्न सक्ने र बीमा सम्बन्धी नियमन निकायको अनुमतिमा बीमा कम्पनीहरूको बीमा दाबी भुक्तानी गर्न सक्ने क्षमताको समेत रेटिङ्ग गर्न सक्ने भएकोले नेपालमा क्रेडिट रेटिङ्ग संस्थाको प्रवेश भएबाट मुलुकको समग्र वित्तीय क्षेत्रकै पारदर्शिता र विश्वसनियतामा अभिवृद्धि गराउन वित्तिय क्षेत्रका सवै नियमन निकायहरूलाई सहयोग पुग्ने देखिन्छ। यस्तै क्रेडिट रेटिङ्ग संस्थाले गहन अध्ययन अनुसन्धान गर्ने र मुलुकको वित्तीय तथा संगठित क्षेत्रको जोखिम समेत मापन गर्ने भएकोले मुलुकको आर्थिक तथा संगठित क्षेत्र नै यसबाट लाभान्वित हुन समेत सघाउ पुग्ने बोर्डको विश्वास छ।

ईक्रा नेपालले पहिलो पल्ट हिमालयन बैंकको ७५ करोड रुपैयाँ बराबरको ऋणपत्रको रेटिङ्ग गरेको छ। हिमालयन बैंकको हिमालयन एचबीएल बण्ड २०७७ नामक उक्त ऋणपत्र 'एलए' श्रेणीमा परेको ईक्रा नेपालले बताएको छ। सात वर्ष समयावधिका लागि लगानी गर्ने वित्तीय औजार भएकाले उक्त ऋणपत्रको नाम **'एल'** (लङटर्म) राखिएको हो। ■

## सहज शेयर कर्जा व्यवस्था

धितोपत्र बजारमा धितोपत्रको माग तथा आपूर्तिमा सन्तुलन ल्याउन शेयर खरिद कर्जाको व्यवस्था भएमा धितोपत्र बजारमा सुधार आउने भनी लगानीकर्ताहरूबाट प्राप्त सुझावको आधारमा बोर्डले नेपाल राष्ट्र बैंकसँग आवश्यक समन्वय गरी शेयर खरिद कर्जा उपलब्ध हुने व्यवस्था गरिएको छ। धितोपत्र दलाल व्यवसायीहरूलाई उनीहरूले उपलब्ध गराउने विवरणको जमानीमा सहज रूपमा अल्पकालीन शेयर खरिद कर्जाको लागि आवश्यक व्यवस्थालाई कार्यान्यनमा ल्याउन पत्र मार्फत निर्देशन जारी गरिएको छ।

## संस्थागत सुशासन आचार संहिता सम्बन्धी

सूचिकृत संगठित संस्थाहरूको कार्यक्षमतालाई अभिवृद्धि गर्न तथा संस्थागत सुशासनमा सुधार ल्याउनको लागि आवश्यक संस्थागत सुशासन आचार संहिता तयार गर्न बोर्डले बाह्य विज्ञ परिचालन गरी अध्ययनअगाडि बढाएको छ। विज्ञबाट प्राप्त प्रतिवेदनलाई आधार मानी बोर्डले संस्थागत सुशासन आचार संहिता तयार गरी सम्बद्ध पक्षहरूसँगको राय परामर्श पश्चात लागू गर्ने योजना तयार गरेको छ।

# नेपाल स्टक एक्स्चेन्जको क्षमता अभिवृद्धि गर्न निर्देशन

नेपाल स्टक एक्सचेन्जको हालको कारोबार प्रणाली Semi Automated Trading System को रूपमा रहेको छ। संगठित संस्थाहरूको धितोपत्रको सार्वजनिक निष्काशन हुँदा देशभरीका लगानीकर्ताहरूले शेयर खरिद गर्न आवेदन दिन सक्ने भए तापनि खरिद गरिएको शेयर दोस्रो बजारबाट बिक्री गर्नका लागि केही असहज अवस्था विद्यमान छ त्यसैले देशव्यापी रूपमा धितोपत्र कारोबार विस्तार गर्न हालको कारोबार प्रणालीमा सुधार गरी कारोबार प्रणालीको क्षमता बढाउन Internet based Fully Automated Trading System को व्यवस्था समेत मिलाउन बोर्डले नेपाल स्टक एक्स्चेञ्जलाई निर्देशन दिएको छ। उक्त व्यवस्था भएपश्चात् इन्टरनेट सेवा पुगेको शहर तथा गाँउघरबाट धितोपत्र बजारमा सहभागी हुन सविधा पुग्ने र विश्वको विभिन्न मुलुकहरूमा छरिएर रहेका NRN हरूको पनि सहभागिता हुन गई नेपालको धितोपत्र बजार मार्फत उद्योगधन्दामा पुँजी परिचालन भई अर्थतन्त्रको विकास हुने देखिन्छ।

हाल धितोपत्र कारोबार विद्युतीय रूपमा हुने गरेको भएतापनि त्यसपछिका कारोबार राफसाफ तथा फर्छ्यौट लगायतका सम्पूर्ण कामकारवाहीहरू म्यानुअल्ली हुने गरेको कारण कारोबार राफसाफ तथा फछ्यौटमा ढिलासुस्ती नहोस र लगानीकर्ताहरूको लगानीले छिटो तर लता पाओस भन्ने उद्देश्यले धितोपत्र बजारको विनियमावली बमोजिम कारोबार भएको तीन दिन भित्रै कारोबार राफसाफको व्यवस्था (T+3) गर्न बोर्डले नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिएको छ। बोर्डको निर्देशन पश्चात हाल कारोबार राफसाफमा हुने ढिलासुस्तीमा केही मात्रामा सुधार आएको देखिएको छ। नेप्सेको कारोबार प्रणाली सिडिएस कम्पनीसँगको समन्वयमा पूर्ण रूपमा स्वचालित बनाई धितोपत्र बजारलाई राष्ट्रब्यापी बनाउन समेत बोर्डले निर्देशन जारी गरेको छ। ■

## सूचिकृत संगठित संस्थाहरू गाभ्ने तथा गाभिने सम्बन्धी निर्देशिका सम्बन्धमा

सूचिकृत संगठित संस्थाहरू एक अर्कामा गाभ्ने गाभिने (मर्जर तथा एक्विजीशन) क्रम बढदै गएकोमा शेयरधनीहरूको हकहित संरक्षणका लागि गाभ्ने गाभिने (मर्जर तथा एक्विजीशन) सम्बन्धी काम कारवाहीहरूलाई नियमित र व्यवस्थित गर्न तत्सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गर्न बोर्डद्वारा वाह्य विज्ञ परिचालन गरिएको र विज्ञबाट प्राप्त मस्यौदा अध्ययन गरी सोमा थप सुधारका लागि वाह्य विज्ञलाई दिइएको छ।

# सामूहिक लगानी कोष सञ्चालन तथा प्रगति

धितोपत्र बजारमा लगानी गर्ने उद्देश्यले बजारमा सामूहिक लगानी कोष जस्तो संस्थागत लगानीकर्ताको प्रवेश हुनु धितोपत्र बजारको विकासका लागि अति नै महत्वपूर्ण कुरा हो। बजारमा सामूहिक लगानी कोषको प्रवेश भएबाट कम आय भएका तथा धितोपत्र बजारको प्राविधिक ज्ञान नभएका स-साना लगानीकर्ताहरूले दक्ष लगानी सेवा प्राप्त गर्न सक्नेछन्। साथै सामूहिक लगानी कोषको प्रवेश शुरु भएबाट धितोपत्र बजारमा धितोपत्रको माग भन्दा आपूर्ति अधिकको कारण अस्वभाविक रूपमा बजारमा आउने उतारचढावलाई न्यून गराई बजारलाई स्थिरतातर्फ उन्मुख गराउन सघाउ पुग्ने र धितोपत्र बजारको दायरा फराकिलो बनाउन सहयोग पुग्न गई समस्त धितोपत्र बजार विकासमा सहयोग पुग्नेछ । धितोपत्र बजारमा कोषको प्रवेश भएपछि सर्वसाधारण लगानीकर्ताहरूले योजनाको युनिट खरिद गर्न सक्दछन् र कोषले युनिट बिक्रीबाट संकलित लगानीकर्ताको रकम विभिन्न धितोपत्रहरूमा पोर्टफोलियो व्यवस्थापनको सिद्धान्त अनुसार लगानी गरी प्राप्त प्रतिफल लगानीकर्ताहरूलाई नै वितरण गर्ने गर्दछ ।

सामूहिक लगानी कोषहरूको प्रवेशलाई प्रोत्साहित गर्न बोर्डले कोषको आयमा कर नलाग्ने व्यवस्था गर्न तथा सर्वसाधारण लगानीकर्ताहरूलाई समेत कोषमार्फत धितोपत्रमा लगानीका लागि प्रोत्साहन गर्न कोषले प्रदान गर्ने प्रतिफलमा समेत कर नलाग्ने व्यवस्था गर्न नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गरेको छ ।

सिद्धार्थ म्युचुअल फण्ड, नवील म्युचुअल फण्ड, लक्ष्मी म्युचुअल फण्ड, एनएमबी म्युचुअल फण्ड तथा एनआईबिएल म्युचअल फण्ड गरी जम्मा ५ वटा सामूहिक लगानी कोष बोर्डले दर्ता गरेको छ। सामूहिक लगानी योजनाको व्यवस्थापनका लागि सिद्धार्थ क्यापिटल लि. तथा नवील इन्भेष्टमेन्ट लि. लाई अनुमतिपत्र प्रदान गरिसकिएको छ ।

सामुहिक लगानी कोष नियमावली-२०६७ लागू भए पश्चात बोर्डमा कोष दर्ता गरेका मध्ये सिद्धार्थ म्युचअल फण्डले बजारमा सिद्धार्थ लगानी वृद्धि योजना -१ नामक बन्दमुखी सामूहिक लगानी योजनाका रु. १० का दरले शुरुमा रु. ४० करोड बराबरको ४ करोड युनिट प्रारम्भिक रूपमा बिक्री गरेको थियो र उक्त योजनाको बजारमा माग बढी भएको कारण थप २५ प्रतिशत वृद्धि गरी रु. ५० करोड बराबर बिक्री गरी पुँजी संकलन गरिसकेको छ। सो योजनाको समय अवधि ५ वर्ष हुनेछ । त्यसैगरी नविल म्युचुअल फण्डले पनि नविल व्यालेन्स फण्ड अन्तर्गत रु. १० दरको रु. ६० करोड बराबरको ६ करोड युनिट प्रारम्भिक बिक्री गरेको थियो भने उक्त योजनाको समय अवधि ५ वर्ष हुनेछ साथै उक्त योजनाको पनि बजारमा माग बढी भएको कारण थप २५ प्रतिशत वृद्धि गरी रु. ७५ करोड बराबरको ७.५ करोड बराबर बिक्री गरी पुँजी संकलन गरिसकेको छ । साथै दुवै योजनाहरू नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भई कारोबार भैरहेको छ । ■

## बोर्डको प्रस्तावित आगामी लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम

कुनैपनि देशको अर्थतन्त्रको विकास तथा विस्तार गर्न पुँजी बजार त्यस्तो संयन्त्र हो जसले देशको कुना-कुनामा छरिएर रहेको स-सानो पुँजीलाई संकलन गरी उत्पादित क्षेत्रमा परिचालन गरी लगानीमैत्री वातावरणको सृजना गर्दछ। त्यसैले नेपालको पुँजी बजारको दिर्घकालीन विकास तथा विस्तारको लागि धितोपत्र बजारलाई पुँजी बजारको मूख्य माध्यम बनाई उत्पादनशील लगानीमा अभिवृद्धि गरी देशको औद्योगिकीकरण तथा आर्थिक विकासमा सहयोग गर्ने बोर्डको दिर्घकालीन लक्ष्य रहेको छ भने निर्धारित लक्ष्य प्राप्तिको लागि बोर्डले लगानी विविधीकरणद्वारा पुँजी परिचालनमा जोड दिने उद्देश्य निर्धारित गरेको छ ।

प्रस्तावित लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि बोर्डले नीति तथा कार्यक्रमको रूपमा पुँजी बजारमा संस्थागत लगानीकर्ता तथा गैर वित्तीय क्षेत्रको प्रवेशमा अभिवृद्धि गराउने, धितोपत्रका विभिन्न औजारहरूमा लगानी बढाउने, प्रभावकारी नियमन तथा कार्यान्वयन गरी पुँजी बजारको विश्वसनीयतामा अभिवृद्धि ल्याउने तथा दोस्रो बजारको देश व्यापी रूपमा विकास गर्न रणनीति तयार गरेको छ ।

## संस्थागत सुशासन सम्बन्धी कार्यक्रम

नेपाल धितोपत्र बोर्ड र नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाको सहकार्यमा मिति २०६९।१०।१७ गते बुधबारका दिन होटल ह्यात रिजेन्सी बौद्धमा "संस्थागत सुशासन" सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। उक्त कार्यक्रममा विभिन्न व्यक्तित्वहरूले संगठन सुशासनको अर्थ, परिभाषा, कार्य, विश्वमा यसको अवस्था, नेपालमा यसको आवश्यकता र भूमिका, संगठन सुशासनको अन्य क्षेत्रसँगको सम्बन्ध, संगठनको संरचना र स्वरूप तथा संचालक समिति, संगठनको सामाजिक दायित्व, वित्तीय संस्थामा यसको आवश्यकता आदिको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा Corporate Governance Committee श्रीलंकाका अध्यक्ष श्री असीती तालवातेले *"Corporate Governance and Economic Prosperity"* सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा उहाँले संगठन सुशासनको परिभाषा, पुँजी बजारमा यसको आवश्यक्ता, आर्थिक विकासमा यसको भुमिका, विश्वमा यसको प्रयोग, संगठन सुशासनको निर्देशिका तथा स्वरूप, विषयवस्तु, संगठनको सामाजिक दायित्व, सञ्चालक समिति, निर्देशकका काम, कर्तव्य र पुरस्कार, विभिन्न सेयरहोल्डर्स र तिनीहरूको ईच्छा आदिको बारेमा प्रस्ट पार्नु भएको थियो । त्यस्तै संस्थान निर्देशन बोर्डका अध्यक्ष श्री विमल वाग्लेले *"Contemporary Issues in Corporate Governance in Nepal with Special reference to Public Enterprises"* नामक कार्यपत्र मार्फत संगठन सुशासनको अवधारणात्मक पक्ष, नेपालमा यसको आवश्यकता, सूचिकृत कम्पनीहरूमा यसको आवश्यक्ता, संगठन सुशासनको परिभाषा तथा सिद्धान्तहरू, नेपालका विभिन्न संगठनहरूको सुशासनको वर्तमान अवस्था, यसका चुनौतीहरू, कानुनी नियन्त्रणका उपायहरू तथा सरकारी अंग आदिको बारेमा स्पस्ट पार्नु भएको थियो भने अन्य श्रोत व्यक्तिहरूमा व्यवस्थापन संघका अध्यक्ष श्री जनकराज शाहले *"Corporate Governance and Investor's Protection"* तथा चार्टड एकाउन्टेन्ट श्री ज्ञानेन्द्र प्रशाद ढुंगानाले *"Role of Accounting Profession in Corporate Governance"* सम्बन्धी आ-आफ्नो कार्यपत्र पेश गर्नु भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारी, बोर्डका विज्ञ सदस्य श्री कोमल चित्रकार र नेपाल सरकार अर्थमन्त्रालयका सचिव श्री शान्तराज सुवेदीले संगठन सुशासन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# धितोपत्रको केन्द्रिय निक्षेप कम्पनी तथा निक्षेप सदस्यहरूको प्रवेश

धितोपत्र कारोबारलाई थप व्यवस्थित गर्न, धितोपत्रहरूलाई विद्युतीय रूपमा अभिलेख राखि कारोबार एवं राफसाफ तथा फछ्र्यौट कार्यलाई आधुनिक बनाउन केन्द्रिय निक्षेप कम्पनीको स्थापना २०६७०९।०७ मा भएको थियो ।उक्त कम्पनीको अधिकृत पुँजी रु. ५० करोड जारी पुँजी रु. ३० करोड मध्ये हाल सम्म रु. २५ करोड ९० लाख ४० हजार चुक्ता भएको छ। यसबाट नेपालमा धितोपत्रको केन्द्रिय निक्षेप सेवा संचालन गर्न बाटो खुला भएको छ र यसले धितोपत्र कारोबार राफसाफ तथा नामसारीको हाल कायम रहेको मानवीय प्रणालीलाई विद्युतीय प्रणालीले प्रतिस्थापन गर्नेछ । बोर्डले हालै १३ वटा निक्षेप सदस्य दर्ता गरी प्रमाणपत्र प्रदान गरिसकेको छ। यस्ता निक्षेप सदस्यहरू मार्फत लगानीकर्ताहरूले धितोपत्रमा लगानी गर्न डिम्याट एकाउन्ट खोल्न पाउनेछन् । सीडियस एण्ड क्लियरिङ्ग लि. ले ७ वटा सूचिकृत कम्पनीहरूको धितोपत्रहरू डिम्याट गरिसकेको र अन्यको डिम्याट गर्ने प्रक्रियामा रहेको छ। यसरी धितोपत्रहरू डिम्याट भएपछि धितोपत्रको कारोबार राफसाफ तथा नामसारी सम्बन्धि कार्यहरू शिघ्र रूपमा सम्पादन गर्न सहयोग पुग्नेछ ।

नेपाल स्टक एक्सचेन्जको Fully owned subsidiary को रूपमा स्थापित उक्त कम्पनीले शेयर, डिवेञ्चर, ऋणपत्र, स्टक तथा अन्य धितोपत्र कारोबार विद्युतीय रूपमा अभिलेख राखि प्रमाणपत्र रहित कारोबार प्रणाली संचालन गर्न सहज गर्ने एवं धितोपत्र उपकरणहरूको नामसारी वा खातामा अद्यावधिक अभिलेख राख्ने कार्य गर्दछ । कम्पनीले पूर्वाधारको रूपमा सेन्ट्रल डिपोजिटरी एकाउण्टीङ्ग सफ्टवेयर (CDAS) तयार गरिसकेको छ ।

धितोपत्रको केन्द्रीय निक्षेप सेवा पूर्ण रूपमा शुरु भएपछि देशका विभिन्न भागका लगानीकर्ताहरूका साथै गैर आवासीय नेपालीहरूका लागि समेत धितोपत्र कारोबारमा सहभागी हुनका निम्ति एउटा आधुनिक पूर्वाधार तयार हुनेछ। केन्द्रीय निक्षेप प्रणाली अन्तर्गत शेयरमा लगानी गर्न चाहने हरेक व्यक्तिको पहिचान नम्बर हुने भएकोले एकै व्यक्तिले अन्य व्यक्तिको परिचयको दुरुपयोग गरी शेयर खरिदका लागि आवेदन दिने तथा दोश्रो बजारबाट शेयर खरिद बिक्री गर्न सक्ने सम्भावना न्युनिकरण हुने र यसबाट वास्तविक लगानीकर्ताको हित हुनेछ। धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीबाट धितोपत्र कारोबारमा पारदर्शिता तथा विश्वसनियता बढ्न गई धितोपत्र कारोबारमा उल्लेख्य वृद्धि हुन समेत मद्दत पुग्नेछ। दक्षिण एशियाका प्राय सवै मुलुकहरूमा केन्द्रीय निक्षेप सेवा शुरु भैसकेकोमा नेपालमा पनि उक्त सेवा शुरु भएकोले नेपालको धितोपत्र बजार पनि सार्क मुलुकहरूको स्तरमा पुग्ने बोर्डले विश्वास लिएको छ। ■

# सामूहिक लगानी कोष सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

सामूहिक लगानी कोषलाई प्रभावकारी रूपमा संचालन गर्न बोर्डको आयोजनामा २०६९ जेष्ठ ३० देखि ३२ गतेसम्म सेक्युरिटिज एण्ड एक्सचेन्ज बोर्ड अफ इन्डियाको प्राविधिक सहयोगमा सामूहिक लगानी कोष सम्बन्धी तीन दिने तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा सामूहिक लगानी कोष योजनाका उच्च पदाधिकारीहरू, बैंकरहरू, मर्चेन्ट बैंकरहरू, नेपाल स्टक एक्सचेन्ज लि., सिडियस एण्ड क्लियरिङ्ग लि. तथा विभिन्न लगानीकर्ताहरूको साथै सेवोनका पदाधिकारीहरू गरी ४० जनाको सहभागिता थियो । कार्यक्रमको मुख्य उद्देश्य विभिन्न लगानीकर्तालाई सामूहिक लगानी योजना सञ्चालन संयन्त्र तथा नेपालमा यसको सम्भाव्यता सम्बन्धी लगानीकर्तालाई जानकारी प्रदान गर्नु थियो । उक्त कार्यक्रममा श्रोत व्यक्तिको रूपमा नेपाल धितोपत्र बोर्डका पूर्वअध्यक्ष श्री दिपक राज काफ्ले, इन्डियन म्युचअल फण्ड इन्डष्ट्रिजका वरिष्ठ उपाध्यक्ष श्री सुरेश बाबु तथा सेक्युरिटी बोर्ड अफ इन्डियाका असिस्टेन्ट जनरल मेनेजर श्री शाहिल मलिक हुनु हुन्थ्यो । सेवोनका अध्यक्ष श्री बाबुराम श्रेष्ठको सभापतित्वमा शुरु भएको कार्यक्रमको उद्घाटन अर्थमन्त्री वर्षमान पुनले गर्नु भएको थियो भने अध्यक्ष बाबुराम श्रेष्ठले सहभागीहरूलाई शुभकामना दिदैं प्रशिक्षणमा सिकेका कुराहरू व्यवहारमा लागू गरी म्युचअल फण्डको विकासमा टेवा पुऱ्याउन आग्रह गर्नु भयो । बोर्डका उपनिर्देशक द्वय डा. श्री नवराज अधिकारी र श्री मुक्ति नाथ श्रेष्ठले कार्यक्रमको औचित्यका बारेमा प्रष्ट पार्दै नेपालमा सामूहिक लगानी कोषको अवस्था तथा सञ्चालन व्यवस्था सम्बन्धी स्पष्ट पार्नु भएको थियो। बोर्डका पूर्व अध्यक्ष श्री दिपकराज काफ्लेले नेपालमा देखिएको कानुनी प्रावधान तथा वर्तमान वास्तविक अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। एचडीएफसि म्युचअल फण्ड इन्डियाका श्री सुरेस बाबुले म्युचअल फण्ड सञ्चालन सम्बन्धी पहिलो कार्यपत्र 'HDFC Mutual Funds' प्रस्तुत गर्दै म्युचुअल फण्डको संरचना, प्रकृति, म्युचअल फण्ड स्किमका प्रकारहरू, सेवाग्राहीको बारेका जान्न पर्ने कुराहरू, लगानीकर्तालाई दिनु पर्ने शिक्षा, कारोबारको प्रकृति तथा सञ्चालन पद्धति आदिको बारेमा बताउनु भएको थियो भने दोस्रो प्रस्तुतीमा Net Asset Value गणना, जोखिम नियन्त्रण, प्रस्तुती मापन, सञ्चालन पद्दति लेखा परिक्षण तथा अभिलेख आदिको बारेमा प्रष्ट पार्नु भयो। त्यसैगरी अर्का श्रोत व्यक्ति सेक्युरिटी बोर्ड अफ इन्डियाका असिस्टेन्ट जनरल मेनेजर श्री शाहिल मलिकले इन्डियामा म्युचअल फण्ड संरचना तथा सञ्चालन प्रक्रिया सम्बन्धी बताउनु भयो साथै मलिकले म्युचुअल फण्ड सञ्चालनमा सेवी अनुगमन टोलीको भूमिका, अनुगमन तथा सुपरिवेक्षण पद्धति, कानुनी संरचना, दण्ड तथा जरिवाना आदिको बारेमा स्पष्ट पार्नु भएको थियो ।



सामूहिक लगानी कोष सम्बन्धी कार्यक्रमका अतिथिहरू

कार्यक्रममा सहभागी प्रशिक्षार्थी तथा लगानीकर्ताहरूले नेपालमा सामूहिक लगानी कोष योजनाको सञ्चालन गर्न सरकारले यसै आर्थिक वर्षको आउँदो बजेटबाट करमा छुट दिई यसलाई प्रोत्साहित गर्नु पर्ने अनुरोध गर्नुका साथै तत्काल कार्यान्वयन गरी, पुँजी बजारको विकासको लागि यस्ता तालिम तथा अन्तरक्रिया कार्यक्रमहरू अझै आवश्यक रहेको बताएका थिए । ■

# सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ जारी

पुँजी बजारमा घट्न सक्ने सम्भावित कानुनी तथा आतंककारी समस्याहरू, विभिन्न शंकास्पद गतिविधिको पहिचान गर्न र पुँजी बजारमा आई पर्नसक्ने सम्भावित जोखिमलाई न्यून गर्न तथा नेपालको पुँजी बजारको दिर्घकालीन विकासको लागि नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी व्यवसाय गर्न अनुमतिपत्र प्राप्त कम्पनी वा संस्थाले सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम ग्राहकको पहिचान गर्ने, शंकास्पद गतिविधिको पहिचान गर्ने, कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्ने तथा जोखिम व्यवस्थापन गर्ने समेत कार्यलाई नियमित र व्यवस्थित गर्न धितोपत्र ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी सम्पति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा लगानी निवारण निर्देशिका, २०६९ यही मिति २०६९।०९।२५ देखि लागू गरेको छ ।

उक्त निर्देशिकामा धितोपत्र व्यवसायीहरूले बेनामी वा काल्पनिक नाममा कारोबार गर्न नहुने, ग्राहकको स्पष्ट पहिचान कायम गरी सो को विवरण राख्नुपर्ने, सीमा भन्दा बढीको कारोबार गरेमा विवरण दिनुपर्ने, शंकास्पद गतिविधिको विवरण पठाउनुपर्ने, आफ्ना ग्राहकको जोखिम वर्गिकरण गर्नुपर्ने, जोखिम व्यवस्थापन गर्ने संयन्त्र निर्माण गर्नुपर्ने, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा आन्तरिक कार्य संचालन निर्देशिका बनाई लागु गर्ने जस्ता व्यवस्थाहरू गरिएको छ । ■

## नेप्से प्रवृत्ति

समग्र दोस्रो बजारको अवस्था जनाउने नेप्से परिसूचक आर्थिक वर्ष २०६९/७० को बैशाख मसान्तसम्ममा ४९०.५३ विन्दु कायम भएको छ जुन अघिल्लो आर्थिक वर्षको अन्तिम दिनको भन्दा ११५.३ अंकले वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०६८/६९ को अन्त्यमा नेप्से परिसूचक ३८९.७४ विन्दु रहेको थियो ।




स्रोत : नेपाल स्टक एक्सचेञ्ज, प्रथम दश महिना (२०६९।७०)

## बजार पुँजीकरण

विगत दश वर्षदेखिको बजार पुँजीकरणतिर हेर्ने हो भने बजार पुँजीकरण हरेक वर्ष बढ्दै गएको भए तापनि अघिल्लो आ.व. २०६८।६९ को अन्तिम दिन रु. ३६८२६.१३ करोड बराबरको रकम बजार पुँजीकरण भएको थियो भने यस आ.व. २०६९।७० बैशाखको अन्तिम दिनमा बजार पुँजीकरण रु. ४८२१६०.९५ करोड बराबरको रकम पुँजीकरण भएको छ । यसरी हेर्दा यस आ.व. को प्रथम १० महिनाको अन्तमा ३०.१७% बराबरले बजार पुँजीकरणमा वृद्धि भएको छ ।




स्रोत : नेपाल स्टक एक्सचेञ्ज

## सूचिकृत संगठित संस्थाहरूको समूहगत संख्या




स्रोत : नेपाल स्टक एक्सचेञ्ज

## स्वागत तथा बिदाई कार्यक्रम

बोर्डले २०६९ माघ १८ गतेका दिन नयाँ सदस्यहरूलाई स्वागत तथा निवर्तमान सदस्यहरूलाई विदाई गर्न एक स्वागत तथा विदाई कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कानुन मन्त्रालयको तर्फबाट सहसचिव श्री केदार पौडेलज्यू, अर्थ मन्त्रालयको प्रतिनिधि सह सचिव श्री वोधराज निरौलाज्यू, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री लोक बहादुर खड्काज्यू र ICAN का उपाध्यक्ष श्री मधुविर पाण्डेज्यूलाई विदाई गरिएको थियो भने ICAN का तर्फबाट प्रतिनिधित्व गर्दै नयाँ बोर्ड सदस्यका रूपमा पाल्नुभएका ICAN का उपाध्यक्ष श्री महेश गुरागाँईज्यू तथा नेपाल राष्ट्र बैंकका तर्फबाट प्रतिनिधित्व गर्नु भएका नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री भाष्करमणी ज्ञवालीज्यूलाई स्वागत गरिएको थियो ।

उक्त अवसरमा बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठज्यूले पूर्व सदस्यहरूलाई उहाँहरूको सक्रिय योगदानको कदर गर्दै आफ्नो कार्यकाल सफलतापूर्वक पूरा गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो भने वर्तमान सञ्चालक समितिका नयाँ सदस्यहरूलाई उहाँहरूको सफल कार्यकालको लागि शुभकामना सहित स्वागत व्यक्त गर्नु भएको थियो ।

# कमोडिटी डेरिभेटिभ्स बजार सम्बन्धी अन्तरक्रिया कार्यक्रम

कमोडिटी डेरिभेटिभ्स बजार सम्बन्धमा सम्बन्धित सरोकार वालाहरूका लागि बोर्डले बजारको वर्तमान अवस्था, चुनौति र सम्भावनाहरूको बारेमा २०६९/०६/०९ गते एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा विज्ञ टोलीद्वारा अध्ययन तथा अनुसन्धान गरी तयार पारिएको बजार सम्वन्धी प्रतिवेदन र बजार सञ्चालक कमोडिटी एक्सचेन्जको तर्फबाट कार्यपत्र प्रस्तुत गरिएको थियो ।

प्रस्तुत प्रतिवेदनमा विज्ञ टोलीका सदस्य श्री अमृत खरेलले कमोडिटी बजारको अवधारणा, विश्व बजारमा कमोडिटी डेरिभेटिभ्स, विश्व आर्थिक संकटमा डेरिभेटिभ्सको प्रभाव, नियमनको विश्वव्यापी सिद्धान्तहरू, विभिन्न देशमा कमोडिटी डेरिभेटिभ्स बजार नियमनको व्यवस्था, नेपालमा कमोडिटी डेरिभेटिभ्स बजार, कमोडिटी डेरिभेटिभ्स बजारमा देखिएका कमिकमजोरीहरू, नियमनमा अपनाइएका विश्वव्यापी उत्कृष्ट अभ्यासहरू, नियमनको लागि उपयुक्त कानुनी व्यवस्था, कारोबार हुने वस्तु र एक्सचेन्जहरूको वर्गिकरण, एक्सचेन्ज एवं मातहतका मध्यस्थकर्ता संस्थाहरूका लागि आवश्यक न्यूनतम पूर्वाधारहरू, नियमनका लागि तत्कालै गर्नुपर्ने आवश्यक न्यूनतम व्यवस्था आदिको बारेमा स्पष्ट पार्नु भएको थियो । अर्का प्रस्तोता श्री सन्तोष श्रेष्ठले Regulatory Framework for the Commodity Futures Market सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आफ्नो कार्यपत्र मार्फत श्री श्रेष्ठले कमोडिटी बजारको प्रमूख लगानीकर्ताहरू गाउँका साना तथा अनपढ किसानहरू हुनाले यो बजारको विकासको लागि किसानहरूलाई यसबारेमा ज्ञान तथा चेतना दिन सके नेपालमा चाँडै नै कमोडिटी बजारको विकास हुने धारणा राख्नु भएको थियो । ■

# धितोपत्र निष्काशन

बोर्डले चालु आर्थिक वर्ष २०६९/७० वैशाख मसान्तसम्ममा निम्न संस्थाहरूको समुहगत रूपमा साधारण शेयर निष्कशनका लागि विवरणपत्र स्वीकृत गरेको छ । जसमध्ये ९ वटा विकास बैंकको रु. ३७ करोड ३४ लाख बराबर, ३ वटा वाणिज्य बैंकको रु. १ अर्ब ४० करोड बराबरको, ३ फाईनान्स कम्पनीको रु. १ अर्ब ५ करोड बराबरको, १ वटा जलविद्युत्को रु. १० करोड ५ लाख बराबर तथा १ बीमा कम्पनीको रु. ६ करोड ७५ लाख गरी जम्मा रु. २,९९,६४ लाख बराबरको साधारण शेयर निष्काशनलाई निम्न अनुसार तालिकाद्वारा देखाइएको छ ।

### साधारण शेयरतर्फ

| क.स. | कम्पनी | क्षेत्र | रकम |
|---|---|---|---|
| १ | ब्राइट डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ४,२०,००,००० |
| २ | काँक्रेविहार विकास बैंक लि. | विकास बैंक | १,२०,००,००० |
| ३ | इनोभेटिभ डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ३,३७,५०,००० |
| ४ | रिलाइन्स फाइनान्स लि. | वित्त कम्पनी | ६,००,००,००० |
| ५ | इन्टरनेश्नल डेभलपमेन्ट बैंक लि. | विकास बैंक | १९,२०,००,००० |
| ६ | सिभिक डेभलपमेन्ट बैंक लि. | विकास बैंक | १,२०,००,००० |
| ७ | सिभिल बैंक लि. | वाणिज्य बैंक | ८०,००,००,००० |
| ९ | स्वरोजगार लघुवित्त विकास बैंक | विकास बैंक | ४७,१०,००० |
| ९ | जेविल्स फाइनान्स कं. लि. | वित्त कम्पनी | ९८,००,००,००० |
| १० | कर्मज एण्ड ट्रष्ट नेपाल बैंक लि. | वाणिज्य बैंक | ६०,००,००,००० |
| ११ | एन एल जि इन्स्योरेन्स कं. लि. | बीमा कम्पनी | ६,७५,००,००० |
| १२ | सिंधु विकास बैंक लि. | विकास बैंक | ४,९०,००,००० |
| १३ | झिमरुक विकास बैंक लि. | विकास बैंक | १,६०,००,००० |
| १४ | सानीमा माई हाइड्रो पावर लि. (स्थानीयहरूलाई) | जलविद्युत | १०,५५,००,००० |
| १५ | नमस्ते वित्तीय संस्था लि. | वित्त कम्पनी | १,००,००,००० |
| १६ | गौमुखी विकास बैंक | विकास बैंक | १,२०,००,००० |
| जम्मा | | | २,९९,६४,६०,००० |

### हकप्रद शेयर

| क.स. | कम्पनी | क्षेत्र | रकम | अनुपात |
|---|---|---|---|---|
| १ | सेवा विकास बैंक लि. | विकास बैंक | ९,२०,००,००० | १:०६६ |
| २ | सृजना फाइनान्स लि. | वित्त कम्पनी | ५,६०,००,००० | १:२ |
| ३ | नेपाल बैंक लि. | वाणिज्य बैंक | ३,६१,९६,१७,४०० | १:९.५१५७२८९ |
| जम्मा | | | ३,७६,७६,१७,४०० | |

### ऋणपत्र

| क.स. | कम्पनी | क्षेत्र | रकम |
|---|---|---|---|
| १ | नेपाल एसबिआई बैंक लि. | वाणिज्य बैंक | ४०,००,००,००० |
| २ | लक्ष्मी क्यापिटल लि. | वाणिज्य बैंक | ४०,००,००,००० |
| ३ | सिद्धार्थ बैंक लि. | वाणिज्य बैंक | ४०,००,००,००० |
| ४ | बैंक अफ काठमाण्डु लि. | वाणिज्य बैंक | ४०,००,००,००० |
| ५ | एभरेष्ट बैंक लि. | वाणिज्य बैंक | ७०,००,००,००० |
| ६ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | वाणिज्य बैंक | ५०,००,००,००० |
| जम्मा | | | २,८०,००,००,००० |




## अध्ययन तथा अनुसन्धानको प्रतिवेदन

गत आर्थिक वर्षमा विभिन्न शिर्षकहरूमा अध्ययन तथा अनुसन्धान गरी गराई प्रतिवेदन तयार गरिएको छ । स्वतन्त्र मूल्यमा धितोपत्र जारी गर्ने सम्बन्धमा तथा कमोडिटीज मार्केटको बर्तमान अवस्था र नियमन सम्भाव्यता सम्बन्धमा विज्ञहरू मार्फत अध्ययन गराई प्रतिवेदन प्राप्त भैसकेको छ । साथै नयाँ स्टक एक्सचेञ्जको प्रवेश सम्बन्धमा अध्ययन गरिएको छ । त्यसैगरी धितोपत्रको कारोबार लागत सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको, वास्तविक क्षेत्रका कम्पनीहरूलाई धितोपत्र बजारमा आकर्षित गर्न आवश्यक व्यवस्थाको बारेमा अध्ययन गराई बोर्डमा प्रारम्भिक प्रतिवेदन प्राप्त गरिएको, सर्वसाधरण लगानीकर्ताको लागि लगानीकर्ताले जान्नुपर्ने कुराहरू तथा लगानी शिक्षा पाठ्यक्रम सम्बन्धी जानकारीमूलक पुस्तिका प्रकाशनको तयारीमा रहेको छ ।

## वस्तु बजार नियमन व्यवस्था

नेपालको वित्तीय बजारमा वस्तु बजार (Commodities Market) सञ्चालन तथा नियमन गर्न नेपाल सरकार अर्थमन्त्रालयले बोर्डलाई धितोपत्र सम्बन्धी ऐनमा संशोधन गरी आवश्यक व्यवस्था मिलाई कार्यान्वयनमा ल्याउन निर्देशन जारी सन्र्दभमा बोर्डले कमोडिटीज डेरिभेटिभ बजार नियमन गर्ने सम्बन्धमा बाह्य विज्ञहरूबाट अनुसन्धान गराई प्रतिवेदन प्राप्त गरेको छ । प्राप्त प्रतिवेदनलाई आधार मानी वस्तु बजारको नियमनको लागि आवश्यक के कस्तो कानुनी व्यवस्था गर्न सकिन्छ सो सम्बन्धमा प्रस्तुत गर्न नेपाल सरकार अर्थमन्त्रालयबाट अनुरोध भए बमोजिम बोर्डले तत सम्बन्धी नियमावलीको मस्यौदा तयार गरी नेपाल सरकार अर्थमन्त्रालयमा पेश गरेको छ ।

## आर्थिक वर्ष २०६९/७० वैशाख मसान्तसम्ममा विभिन्न कम्पनीहरूले वितरण गरेको बोनस शेयर दर्ता

| क्र.स. | कम्पनीको नाम | रकम |
|---|---|---|
| १ | स्वावलम्बन लुम्विनी विकास बैंक | २,६४,१०० |
| | | ५७,८७,२०० |
| २ | प्रुडेन्सियल फाइनान्स लि. | ३,९३,२४,४०० |
| ३ | त्रिवेणी विकास बैंक लि. | २,३०,६९,००० |
| ४ | नेको इन्स्योरेन्स कम्पनी लि. | ५७,७५,००० |
| ५ | सगरमाथा मर्चैण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | २,७५,००,००० |
| ६ | यती फाइनान्स लि. | १,९३,२०,००० |
| ७ | फेवा फाइनान्स लि. | २,७३,००,००० |
| ८ | साल्ट ट्रेडिङ्ग कोर्पेट लि. | १,३८,६३,१०० |
| ९ | एशियन लाइफ इन्स्युरेन्स कम्पनी लि. | ९,७९,६१,८०० |
| १० | शुवेच्छा विकास बैंक लि. | १,०६,७७,५०० |
| ११ | सगरमाथा इन्स्युरेन्स कम्पनी लि. | २,७५,४०,००० |
| | | २,७०,५७,००० |
| १२ | काठमाण्डौ फाइनान्स लि. | १,६६,०१,१०० |
| १३ | नेशनल लाइफ इन्स्योरेन्स क. लि. | ९,२५,५४,५०० |
| १४ | नेपाल इन्स्योरेन्स कम्पनी लि. | ७१,३८,७०० |
| १५ | बैंक अफ काठमाण्डु लि. | ८,०२,०९,४०० |
| १६ | नेरुडे लघुवित्त विकास बैंक लि. | १,६०,००,००० |
| १७ | एपी फाइनान्स लि. | ६०,००,००० |
| १८ | विराटलक्ष्मी विकास बैंक लि. | ८२,३८,७०० |
| १९ | पश्चिमाञ्चल फाइनान्स लि. | १,७८,५१,७०० |
| २० | मञ्जुश्री फाइनान्स लि. | २,५०,००,००० |
| २१ | नविल बैंक लि. | ४०,७०,७२,००० |
| २२ | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १,५६,२५,००० |
| २३ | सिद्धार्थ फाइनान्स लि. | २,३५,५६,४०० |
| २४ | नवदुर्गा फाइनान्स कं. लि. | १३,९,९४,४०० |
| २५ | सिटिजन्स इनभेष्टमेन्ट ट्रष्ट लि. | ५६०,००,००० |
| २६ | सोल्टी होटल लि. | ३,५८,१८,६१० |
| २७ | चिलिमे हाइड्रो पावर कं. लि. | ४०,३७,९२,००० |
| २८ | गरिमा विकास बैंक | २,००,००,००० |
| २९ | प्रभु फाइनान्स लि. | ७,९७,६४,००० |
| ३० | सेवा विकास बैंक | २,३०,००,००० |
| ३१ | निलगिरी विकास बैंक लि. | ७३,१४,००० |
| ३२ | नेपाल एसविआई बैंक लि. | २६,१७,९०,६०० |
| ३३ | इम्पेरियल फाइनान्स लि. | १,१७,३०,००० |
| ३४ | एभरेष्ट बैंक लि. | ३६,९४,९०,७०० |
| ३५ | रिलायबल फाइनान्स लि. | २,०५,३९,६०० |
| ३६ | स्टण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | २४,३७,३२,००० |
| ३७ | लाइफ इन्स्योरेन्स कर्पोरेशन(नेपाल) लि. | १५५०,००,००० |
| ३८ | गुह्येश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | २,३६,६२,८०० |
| ३९ | त्रिवेणी विकास बैंक लि. | २,१७,७४,५०० |
| ४० | नेरुडे लघुवित्त विकास बैंक लि. | ८४,००,००० |
| ४१ | मेट्रो डेभलपमेन्ट बैंक लि. | ६०,००,००० |
| ४२ | भृकुटी डेभलपमेन्ट बैंक लि. | ४१,८४८,४०० |
| ४३ | प्राइम कमर्शियल बैंक लि. | ९,४६,५९,३०० |
| ४४ | मितेरी डेभलपमेन्ट बैंक लि. | १,८०,५७,६०० |
| ४५ | अरुणभ्याली हाइड्रो पावर लि. | ३,९७,७०,४०० |
| ४६ | नेपाल इनभेष्टमेन्ट बैंक लि. | ७५,५०,८३,५०० |
| ४७ | गण्डकी विकास बैंक लि. | ३,००,००,००० |
| ४८ | लुम्बिनी विकास बैंक लि. | १७,१६,००,००० |
| ४९ | मुक्तिनाथ विकास बैंक लि. | ४,५०,००,००० |
| ५० | नेपाल इन्स्योरेन्स कम्पनी लि. | २,१९,२४,८०० |
| ५१ | लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लि. | २,६८,६३,६०० |
| ५२ | ग्लोबल आइएमई बैंक लि. | ६,७७,४४,५०० |
| जम्मा | | ४,१०,५६,४१,९१० |

## औजारगत विवरणपत्र स्वीकृत




# पाइपलाइनमा निष्काशन

बोर्डमा २०७० वैशाख मसान्तसम्ममा साधारण शेयर निष्काशनका लागि १२ वटा संगठित संस्था, हकप्रद शेयर निष्काशनको लागि २१ वटा संगठित संस्थाहरू तथा डिवेन्चरका लागि ३ वटा कम्पनीहरूले आवेदन दर्ता गरेका छन् । जस सम्बन्धी विवरण निम्न तालिका बमोजिम रहेको छ ।

### साधारण शेयरतर्फ

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | इन्भेष्टा फाइनान्स क. लि. | वित्त कम्पनी | १,६०,००,००० |
| २ | सिटी होम्स् लि. | अन्य | ४,५०,००,००० |
| ३ | राजधानी इन्भेष्टमेन्ट फन्ड लि. | अन्य | १२,३२,००,००० |
| ४ | नेपाल औधोगिक विकास निगम लि. | विकास बैंक | १८,४१,७६,६०० |
| ५ | मर्केन्टाइल फाइनान्स लि. | वित्त कम्पनी | १८,००,००,०० |
| ६ | साना किसान विकास बैंक लि. | विकास बैंक | ६,००,००,००० |
| ७ | रुरल माइक्रो फाइनान्स डभेलपमेन्ट बैंक लि. | विकास बैंक | २८,०८,००,००० |
| ८ | मनास्लु विकास बैंक लि. | विकास बैंक | ३,६०,००,००० |
| ९ | माउन्ट मकालु डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ६०,००,००० |
| १० | सम्वृद्धि विकास बैंक लि. | विकास बैंक | ३,००,००,००० |
| ११ | हाम्रो विकास बैंक लि. | विकास बैंक | १,८०,३०,००० |
| १२ | रिडि हाइड्रो पावर डेभलपमेन्ट कम्पनी लि. | हाइड्रो | १४,७०,००,००० |
| जम्मा | | | ४४,६३,७६,६०० |

### हकप्रद शेयरतर्फ

| क्र.स. | कम्पनी | क्षेत्र | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | सिद्धार्थ फाइनान्स क. लि. | वित्त कम्पनी | ५,२२,६०,००० |
| २ | आइएमइ फाइनान्सियल इन्टिच्युसन लि. | वित्त कम्पनी | ८,९९,६७,६००० |
| ३ | स्टान्डर्ड फाइनान्स लि. | वित्त कम्पनी | १,००,१८,८०,००० |
| ४ | गुडवील फाइनान्स लि. | वित्त कम्पनी | ३५,३६,५१,८८० |
| ५ | बुटवल पावर कम्पनी लि. | जलविद्युत | ६१,८३,८५,५२५ |
| ६ | गोरखा डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ३३,२१,८१,४०० |
| ७ | क्यापिटल मचेन्ट बैंकिङ एण्ड फाइनान्स लि. | वित्त कम्पनी | १,०८,४९,३०,५०० |
| ८ | वल्ड मर्चेन्ट बैंकिङ एण्ड वित्तीय संस्था लि. | वित्त कम्पनी | २३,८५,१९,७०० |
| ९ | पब्लिक डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ६,००,००,००० |
| १० | प्रिमियर फाइनान्स क. लि. | वित्त कम्पनी | ५,२४,६३,१५० |
| ११ | कुवेर मर्चेन्ट फाइनान्स लि. | वित्त कम्पनी | १५,००,००,००० |
| १२ | नारायणी डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ४,३७,४२,३०० |
| १३ | प्रोग्रेसिभ फाइनान्स लि. | वित्त कम्पनी | १२,००,००,००० |
| १४ | अरुण भ्यालि हाइड्रोपावर क. लि. | जलविद्युत | २६,५१,३६,२०० |
| १५ | स्वस्तिक मर्चेन्ट फाइनान्स क. लि. | वित्त कम्पनी | १०,००,००,००० |
| १६ | सुर्यदर्शन फाइनान्स क. लि. | वित्त कम्पनी | १०,००,००,००० |
| १७ | वागेश्वरी डेभलपमेन्ट बैंक | विकास बैंक | १४,८५,००,००० |
| १८ | सिटिजन इन्भेष्टमेन्ट ट्रस्ट | अन्य | १२,५०,००,००० |
| १९ | वेस्ट्रन डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ४,००,००,००० |
| २० | स्रिजना फाईनान्स लि. | वित्त कम्पनी | ५,६०,००,००० |
| २१ | गण्डकी विकास बैंक लि. | विकास बैंक | ७,००,००,००० |
| २२ | गुल्मी विकास बैंक | विकास बैंक | २,५०,००,००० |
| २३ | लाईफ ईन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि. | इस्युरेन्स | १०,१२,५०,००० |
| २४ | काठमाण्डू फाइनान्स लि. | वित्त कम्पनी | २,३१,९९,३६० |
| २५ | गरिमा विकास बैंक | वित्त कम्पनी | ११,००,००,००० |
| जम्मा | | | ६,१७,१७,७६,०१५ |

*माथि उल्लेख गरिएका संस्थाहरू मध्ये कतिपय संस्था हाल आएर एक अर्कामा मर्ज भएकाले यस सम्बन्धी बोर्डले अनुगमन गरिरहेको छ ।

### ऋणपत्रतर्फ

| क्र.स. | कम्पनी | क्षेत्र | प्रस्ताविक रकम |
|---|---|---|---|
| १ | किष्ट बैंक लि. | वाणिज्य बैंक | ५०,००,००,००० |
| २ | सिटिजन्स बैंक इन्टरनेश्नल लि. | वाणिज्य बैंक | ५०,००,००,००० |
| ३ | हिमालायन बैंक लि. | वाणिज्य बैंक | ७०,००,००,००० |
| ४ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | वाणिज्य बैंक | ५०,००,००,००० |
| जम्मा | | | २२०,००,००,००० |

### बिक्री प्रस्तावतर्फ

| क्र.स. | कम्पनी | क्षेत्र | प्रस्ताविक सेयर |
|---|---|---|---|
| १ | नेपाल आवास विकास वित्त कं. लि. | वित्त कम्पनी | १,४५,२०० |
| २ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | वित्त कम्पनी | २३,०३,०९७ |
| ३ | बुटवल फाइनान्स लि. | वित्त कम्पनी | ७३,७७० |
| ४ | इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं.लि. | वित्त कम्पनी | ४८,२१,१२३ |
| जम्मा | | | ७३,४३,१९० |

नेपाल धितोपत्र बोर्डद्वारा प्रकाशित
संरक्षक : बाबुराम श्रेष्ठ, सल्लाहकार : निरज गिरी, परिष्टनाथ पौड्याल, सम्पादक : दुर्गा थापा
कार्यालय : जावलाखेल, नेपाल, पो.ब.नं. ९०३१, फोन नं. ५५४१०५७, फ्याक्स : ५५४१०५८, E-mail: support@sebon.gov.np, Web: www.sebon.gov.np